# ३८ औं कार्यपालिका बैठक

आज मिति २०८१ साल आषाढ ०७ गते शुक्रबार दिनको ३:०० बजे बडिगाड गाँउपालिका अध्यक्ष श्री गण्डकी थापा अधिकारी ज्यूको अध्यक्षतामा बडिगाड गाँउपालिका, गाँउ कार्यपालिकाको ३८ औ कार्यपालिका बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो।

| क्र सं | हस्ताक्षर | नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | | श्री गण्डकी थापा अधिकारी | अध्यक्ष | |
| २. | | श्री भिमसेन वन | उपाध्यक्ष | |
| ३. | | श्री बोम बहादुर थापा | सदस्य/वडा अध्यक्ष | |
| ४. | | श्री ढाल प्रसाद शेरचन | सदस्य/वडा अध्यक्ष | |
| ५. | | श्री खड्क बहादुर पुन | सदस्य/वडा अध्यक्ष | |
| ६. | | श्री मिलन रेश्मी | सदस्य/वडा अध्यक्ष | |
| ७. | | श्री विष्णु प्रसाद आचार्य | सदस्य/वडा अध्यक्ष | |
| ८. | | श्री विर बहादुर खत्री | सदस्य/वडा अध्यक्ष | |
| ९. | | श्री दिपेन्द्र प्रताप के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १०. | | श्री जंग बहादुर बलाल थापा | सदस्य/वडा अध्यक्ष | |
| ११. | | श्री कृष्ण बहादुर के.सी. | सदस्य/वडा अध्यक्ष | |
| १२. | | श्री विरेन्द्र कुमार बुढा | सदस्य/वडा अध्यक्ष | |
| १३. | | श्री चन्द्री रास्कोटी | सदस्य | |
| १४. | | श्री देवी कामी | सदस्य | |
| १५. | | श्री रबिना थापा | सदस्य | |
| १६. | | श्री रुनमाया थापा | सदस्य | |
| १७. | | श्री तिपुरे सुनार | सदस्य | |
| १८. | | श्री शान्ते विश्वकर्मा | सदस्य | |
| १९. | | श्री मुक्ति पौडेल | सदस्य सचिब | |
| अन्य उपस्थिति | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

२०८१।०३।०७ शुक्रबार

CamScanner

३८ औं कार्यपालिका बैठक

प्रस्ताव तथा निर्णयहरु

१. ३७ औ बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं १ माथि छलफल र परामर्श गर्दै ३७ औ कार्यपालिका बैठकको समिक्षा गरियो। सो बैठकका अधिकतम निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. बढुवा नियुक्ति सम्बन्धमा ।

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोगको बढुवा सूचना नं ७३/२०८०-८१ (ज्येष्ठता र कार्यसम्पादनको मुल्याङ्कन), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखराको च.नं. १४९ मिति २०८१।०३।०४ को सिफारिस पत्रानुसार बडिगाड गाँउपालिकामा आउनुभएका श्री चण्डी राज पौडेल ( कर्मचारी सङ्केत नं १५११८४) लाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ बमोजिम मिति २०८१।०३।०२ देखि ज्येष्ठता कायम हुने गरि स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, सातौं तह, प्रशासकीय अधिकृत पदमा बढुवा नियुक्ति गर्ने निर्णय गरियो ।

३. नीति तथा कार्यक्रम सम्बन्धमा ।

बडिगाड गाउँपालिकाको आगामि आर्थिक बर्ष २०८१।८२ को नीति तथा कार्यक्रम स्वीकृत गर्दै गाँउसभाको पन्ध्रौं अधिवेसनमा पेस गर्ने निर्णय गरियो ।

४. आर्थिक सर्वेक्षण सम्बन्धमा ।

बडिगाड गाउँपालिकाको चालु आर्थिक बर्ष २०८०।८१ को आर्थिक सर्वेक्षण स्वीकृत गरि सार्वजनिक गर्ने निर्णय गरियो ।

५. दोस्रो आवधिक योजना स्वीकृति सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा बडिगाड गाँउपालिकाको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय गरियो ।

६. राजश्व सुधार कार्ययोजना अनुमोदन सम्बन्धमा ।

बडिगाड गाँउपालिकाको राजश्व सुधार कार्ययोजना २०८१ अनुमोदन गर्ने निर्णय गरियो ।

७. विविध

क बजेट विनियोजन तथा रकमान्तर सम्बन्धमा ।

| क्र सं | साबिकको श्रोत | हालको शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नपुग तलब तथा पूर्वाधार निर्माण | खहरेखोला तटबन्धन ५ | १५००००। | |
| २ | नपुग तलब तथा पूर्वाधार निर्माण | रणसिंकिटेनी फोर्सा सडक ८ | २३५००० | |
| ३ | भीमगीठे स्वास्थ्य चौकी शौचालय सेफ्टी ट्याङ्की निर्माण | भीमगीठे माबि प्लाष्टर | २,००,००० | गाँउसभामा पेश गर्ने |
| ४ | नपुग तलब तथा पूर्वाधार | घ्वाङ मसिनधारा बाटो निर्माण | १,२५,००० | |

२०८१।०३।०७ शुक्रबार

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | निर्माण | | | |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | घोपर्ना अल्छिवाङ मोटरबाटो नाली सरसफाई | ६१,००० | |
| ६ | कृषि बजार व्यवस्थापन | धानको बीउ खरिद | १,५०,००० | |
| ७ | कृषि बीमामा ब्याज अनुदान | धानको बीउ खरिद | १,००,००० | |
| ८ | कृषि तर्फको भैपरि आउने विविध खर्च | धानको बीउ खरिद | ५०,००० | |

ख. दीर्घ रोगीहरुको उपचार खर्च भुक्तानि सम्बन्धमा ।

आर्थिक वर्ष २०८०।८१ को लागि दीर्घ रोगीहरुको उपचार खर्च बापतको रकमका लागि नपुग हुन आएको रकम रु ४,९५,००० हाललाई कोभिड १९ रोग व्यवस्थापन शिर्षकबाट भुक्तानि गरि शोधभर्ना माग गर्ने निर्णय गरियो ।